# दाङ देउखुरी सर्पदंश उपचार केन्द्र, गढवा
# संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत

मिति २०७७/६/३ गते

गढवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**दाङ देउखुरी सर्पदंश उपचार केन्द्र, गढवा**

**संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७**

**गढवा गाउँपालिकाको कार्यालय**

**प्रस्तावना :**

नेपालको संविधानले सवै नागरिकले सर्वशुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चिता गरेको छ र नागरिकको आधारभुत अधिकारको रुपमा प्रत्याभुत गरेको छ । भूगोलका हिसावले गर्मी याममा अत्याधिक गर्मी ( ३८ देखी ४२ डिग्री सेल्सीयससम्म) हुने स्थान मध्ये यस गढवा गाउँपालिकामा संचालनमा रहेको दाङ देउखुरी सर्पदंश उपचार केन्द्र रहेको स्थान पनि पर्दछ । तराई क्षेत्रमा गर्मी र वर्षातको समयमा विषालु सर्पको विगविगी नै रहन्छ । विशेष गरेर शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा सर्पदंशबाट पीडित नागरिकहरुको बसोवास अत्याधिक रहेको छ तर व्यवस्थित बाटोघाटो, सवारी साधनको उपलब्धता ग्रामीण क्षेत्रमा नभएको हुँदा समयमै विरामीलाई उपचार हुने ठाउँसम्म पुऱ्याउन नसकी मृत्युवरण गर्नुपरेको विगतको इतिहास छ । यसै विषयलाई हृदयङगम गरी नेपाली महिलाहरुको तीज विशेष कार्यक्रम २०७६ मा गीत मार्फत सर्पदशं उपचार केन्द्र स्थापनार्थ चेतनामुलक कार्यक्रम संचालन गरेका थिए जुन यस दाङ देउखुरी सर्पदंश उपचार केन्द्र स्थापनाको लागि पहिलो सूचक रहयो । तत् पश्चात मिति २०७६/०५/१९ गते यस गढवा गाँउपालिकामा सर्पदशं उपचार केन्द्र सहयोग समिति गढवा गठन भई उपचार केन्द्र स्थापनार्थ पहलकदमी सुरु भयो । सर्वोदय सामुदायिक वनले भवन निर्माणका लागि जग्गा उपलब्ध गराएपछि यस गढवा गाँउपालिकाको आ ैनै लगानीमा भवन निर्माण कार्य सम्पन्न भयो । यस उपचार केन्द्र संचालनको प्राविधिक सहयोग नेपाली सेना, औषधीजन्य सहयोग नेपाल सरकार/प्रदेश सरकार, स्थानीय सरकार र संचालन तथा व्यवस्थापनको जिम्मेवारी यस कार्यविधिको दफा ८ बमोजिम गठित समितिले व्यवस्थापन गर्नेगरी यस दाङ देउखुरी सर्पदशं उपचार केन्द्रको सञ्चालनको व्यवस्था गरिएको छ ।

हाल गढवा गा.पा.मा सरोकारवालाहरुको व्यवस्थापन समिति बनाई त्रिकोणीय सहयोगबाट सर्पदंश उपचार केन्द्र संचालनमा रहेको छ । यसरी सर्पदंशबाट पीडित आम जनतालाई छिटो छरितो, भरपर्दो सेवा पुऱ्याउन वान्छनीय देखिएकाले गढवा गा.पा. स्थानीय तह संचालन प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन) २०७४ को नियम ४ बमोजिम यो कार्यविधि बनाइएको छ ।

# परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ ः-**

क) यो कार्यविधिको नाम "दाङ देउखुरी सर्पदंश उपचार केन्द्र गढवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।

ख) यो कार्यविधि गढवा गा.पा. गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात् लागू हुनेछ ।

**२. परिभाषा ः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः

क) "पीडित" भन्नाले सर्पदंशबाट पीडित व्यक्ति भन्ने सम्झनु पर्दछ ।

ख) "प्राबिधिक" भन्नाले उपचारमा संलग्न नेपाली सेनाको घोराहीस्थित गणबाट खटिएको प्राविधिक भन्ने सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले सर्पदंश उपचार केन्द्रको व्यवस्थापनका लागि यस कार्यविधि बमोजिम गठन भएका बिभिन्न समितिलाई सम्झनु पर्दछ ।

घ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको परिच्छेद २ को बुदा ५.१ मा ब्यवस्था भए बमोजिमको समिति सम्झनु पर्दछ ।

ङ) "संचालन तथा व्यवस्थापन समिति" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई नियमित र व्यवस्थित रुपमा संचालन तथा व्यवस्थापन गर्नका लागि यस कार्यविधिको परिच्छेद २ को बुदा ६ बमोजिम बनाइएको समिति भन्ने सम्झनु पर्दछ ।

च) ❑❑लेखा समिति" भन्नाले संचालन तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार यस कार्यविधिको परिच्छेद २ को बुदा नम्बर ११ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

छ) "संरक्षक" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई व्यवस्थापन गर्न बनाइएको संचालन तथा व्यबस्थापन समितिलाई सल्लाह सुझाव दिन यस कार्यविधिको परिच्छेद २ को बुदा ४ बमोजिमका संरक्षकहरुलाई सम्झनु पर्दछ ।

ज) "कोष" भन्नाले गढवा गा.पा. तथा सरकारी तथा गैर सरकारी संघसंस्था, व्यक्ति र दानदाताको सहयोगबाट प्राप्त रकम संचय गरि राख्ने बैक खातामा रहेको रकम सम्झनु पर्दछ ।

झ) "जिन्सी" भन्नाले सर्पदंश उपचार केन्द्रमा रहेको जिन्सी सामाग्री सम्झनु पर्दछ ।

ञ) "उपचार केन्द्रको संरचना" भन्नाले पुर्व पश्चिम मेहन्द्र राजमार्गदेखि ८ कि.मी दक्षिणमा लमही कोइलावास सडकको गढवा क्षेत्रिभित्र गढवा बहुमुखी क्याम्पसको पुर्व तर्फको हाताभित्र निर्माण भएको भवन र परिसर जहाँ सर्वसाधारण जनता खुल्ला रुपमा आवत जावत गर्न सक्छन भन्ने स्थान सम्झनु पर्दछ ।

ट) "व्यवस्थापक" भन्नाले सर्पदंश उपचार केन्द्र व्यवस्थापन गर्न सर्पदंश उपचार केन्द्रमा गढवा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरु मध्येबाट खटाइएको कर्मचारीलाई सम्झनु पर्दछ ।

ठ) "बै खाता" भन्नाले विभिन्न स्रोतबाट आएको आर्थिक सहयोगलाई जम्मा गरी राख्ने यस उपचार केन्द्रको नाममा खोलिएको बै खातालाई सम्झनु पर्दछ ।

ड) “सदस्य” भन्नाले यस कार्यविधिको परिच्छेद २ को बुँदा नं. ३ बमोजिमका सदस्य भन्ने सम्झनु पर्दछ ।

ढ) “सेवा❑❑ भन्नाले सर्पदशंका साथै बिच्छी, खजुरो तथा अन्य डसाईहरुको उपचारलाई सम्झनु पर्दछ ।

# परिच्छेद - २

**३. सदस्यता :-** दाङ देउखुरी सर्पदंश उपचार केन्द्र गढवाको निम्न शर्त पुरा गरेका नेपाली नागरिकहरुलाई सदस्यता प्रदान गरिनेछ ।

क) दाङ जिल्लाका स्थानीय तहका प्रमुखहरु स्वतः साधारण सदस्य रहनेछन् ।

ख) सर्पदंश उपचार केन्द्रका लागि आजीवन सदस्यको लागि संस्थागत रु. १५,०००।- वा सो भन्दा वढी रकम सहयोग/शुल्क दिने संस्था सदस्य रहनेछ र ब्यक्तिगत सदस्यताका लागि रु. १०,०००।- वा सो भन्दा वढी रकम सहयोग/शुल्क दिने ब्यक्ति सदस्य रहनेछ ।

**४. संरक्षक सम्बन्धि ब्यवस्था :-**

दाङ देउखुरी सर्पदंश उपचार केन्द्र, गढवा संचालन तथा ब्यवस्थापनका लागि नीति, नियम, निर्देशन तथा आर्थिक ब्यवस्थापन गर्न, सल्लाह सुझावका लागि तपसिल बमोजिम संरक्षकको ब्यवस्था रहनेछ ।

१) निर्वाचन क्षेत्र नं. १ सघिय सांसद दा ( प्रत्यक्ष निर्वाचित )

२) निर्वाचन क्षेत्र नं. १ क प्रदेश सांसद दा ( प्रत्यक्ष निर्वाचित )

३) जिल्ला समन्वय समिति प्रमुख दा

४) प्रमुख जिल्ला अधिकारी दा

५) नेपाली सेना दाङ जिल्ला गणपति

६) जिल्ला जनस्वास्थ्य प्रमुख दा

७) जिल्ला प्रहरी कार्यालय प्रमुख दा

८) जिल्ला सशस्त्र प्रहरी कार्यालय प्रमुख दा

९) जिल्ला रेडक्रस कार्यालय प्रमुख दा

१०) जिल्ला वन कार्यालय प्रमुख दा

११) जिल्ला अनुसन्धान विभाग प्रमुख दा

१२) खानेपानी डिभिजन कार्यालय प्रमुख दा

**५. निर्देशक समिति**

**५.१. निर्देशक समितिको गठन ः दाङ देउखुरी सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको निर्देशक समिति रहनेछ ।**

संयोजक ः- अध्यक्ष, गढवा गाउँपालिका

सदस्यहरु ः- देउखुरी क्षेत्र भित्रका लमही नगरपालिका प्रमुख, राजपुर गाउँपालिका प्रमुख, राप्ती गाउँपालिका प्रमुख ।

सदस्य ः- उपाध्यक्ष, गढवा गाउँपालिका

सदस्य ः- स्वास्थ्य, शाखा प्रमुख गढवा गा.पा.

सदस्य सचिव ः- प्रमुख प्रशासकीय अधिकृत गढवा गा.पा. कार्यालय

**५.२ निर्देशक समितिको काम कर्तब्य र अधिकार**

दाङ देउखुरी सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

- सर्पदंश उपचार केन्द्रको संगठन संरचना निर्माण तथा व्यवस्थापनको लागि सहयोग गर्ने ।
- अन्य स्थानीय तहहरु संग समन्वय, सहकार्य गरी सेवाको पहुँच बढाउने ।
- सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापनको लागि बजेटको व्यवस्था मिलाउने ।
- संघ र प्रदेश संगको समन्वय र सहकार्य गर्ने ।
- सर्पदंश उपचार केन्द्रको संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन, नीति नियम तथा निर्देशन दिने ।

**५.३. निर्देशक समितिको कार्य अवधि ः-**

यस दाङ देउखुरी सर्पदंश उपचार केन्द्रमा निर्देशक समितिको कार्य अवधी पदेन सदस्य अनुसार रहने व्यवस्था रहेकोले आ̂नो पदमा बहाल रहेसम्म निरन्तर रहनेछ ।

**६. सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन समितिको गठन :-**

दाङ देउखुरी सर्प दंश उपचार केन्द्र संचालन एवं व्यवस्थापन गर्न गढवा गाउँपालिका तथा सरोकारवालाहरु समेत गरी २५ सदस्यीय व्यवस्थापन समिति गठन हुनेछ ।

१. अध्यक्ष, गढवा गाउँपालिका - अध्यक्ष

२. उपाध्यक्ष, गढवा गाउँपालिका - उपाध्यक्ष

३. प्रमखु प्रशासकीय अधिकृत, गढवा गाउँपालिका - सदस्य सचिब

४. स्वास्थ्य शाखा प्रमुख, गढवा गाउँपालिका - कोषाध्यक्ष

५. शिक्षा शाखा प्रमुख, गढवा गाउँपालिका - सदस्य

६. नेपाली सेनाको प्रतिनिधि - सदस्य

७. प्रमुख, इलाका प्रहरी कार्यालय गढवा प्रमुख - सदस्य

८. वडा नं. १ देखि ८ का सबै वडा अध्यक्ष, गढवा गाउँपालिका - सदस्य

९. अध्यक्ष, गढवा उद्योग वाणिज्य संघ - सदस्य

१०. रेडक्रस सभापती, गढवा गाउँपालिका - सदस्य

११. संयोजक, नागरिक समाज, गढवा गाउँपालिका - सदस्य

१२. अध्यक्ष, वन महासंघ गढवा गाउँपालिका - सदस्य

१३. अध्यक्ष, देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र - सदस्य

१४. अध्यक्ष, सर्वोदय सामुदायिक वन - सदस्य

१५. अध्यक्ष, गढवा खानेपानी तथा सरसफाई उपभोत्ता समिति - सदस्य

१६. गढवा गा.पा. स्तरीय महिला स्वास्थ्य स्वयमसेविका प्रतिनिधि - सदस्य

१७. सर्पदंश उपचार केन्द्र, सहयोग समिति गढवाको प्रतिनिधि - सदस्य

१८. कार्यपालिका बाट मनोनित दलित महिला सदस्य १ जना - सदस्य

**७. संचालन तथा व्यवस्थापन समितिको बैठक :-**

- बैठक संचालनको लागि कम्तिमा बहुमत सदस्यको उपस्थितीबाट निर्णयहरु हुनेछ ।
- समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।
- महत्वपूर्ण निर्णयहरु गर्नु पर्दा यस कार्यविधिको परिच्छेद २ को बुदा ४ बमोजिमका संरक्षक समेतको सल्लाह सुझाब बमोजिम गर्नु पर्ने छ ।
- नियमित बैठक २ महिनाको १ पटक बस्नेछ ।

**८. संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

गढवा गा.पा. सर्प दंश उपचार केन्द्र संचालन एवं व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

**१. अध्यक्षको काम, कर्तव्य र अधिकार**

- सर्प दंश उपचार केन्द्रलाई दिगो रुपमा व्यवस्थापन गर्न कार्य योजना बनाउने ।
- संचालन गर्न आवश्यक पर्ने श्रोत साधन र औषधीको व्यवस्थापन गर्ने ।
- प्रत्येक२ महिनाको १ पटक बैठक बस्ने र उपचार केन्द्रलाई संचालन गर्न आवश्यक पर्ने निर्णयहरु गर्ने ।
- कार्य विधिमा उल्लेख भएका बुदाहरुको कार्यन्वयनका लागि पहल गर्ने ।
- सर्प दंश उपचार केन्द्रको कोषको व्यवस्थापन गर्ने ।
- नियमित उठ्ने रकम र दान दातृत्व अनुदानबाट प्राप्त रकमको सुरक्षा र व्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न व्यवस्थापन समितिलाई सिफारीस गर्ने ।
- महत्वपूर्ण निर्णयहरु गर्नु पर्दा संरक्षकहरुलाई आमन्त्रण गर्नुपर्नेछ ।

**२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
- सर्प दंश उपचार केन्द्रको दिगो व्यवस्थापनका लागि अध्यक्षको काममा सहयोग पुऱ्याउने र तोकिएको काम गर्ने ।
- आवश्यक्ता अनुसार अनुगमन गरि संरक्षण र रेखदेखका लागि पहल गर्ने ।

**३. सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको सल्लाह बमोजिम बैठक बोलाउने ।
- संचालन तथा व्यवस्थापनमा आएका विषयलाई विभिन्न निकाय सँग पत्राचार गर्ने प्रतिवेदन बनाई बैठकमा पेश गर्ने ।
- समिति व्यवस्थापनको लागि अन्य कार्य चौमासिक भौतिक प्रगती तयार गर्ने तथा सम्बन्धित ठाउँमा पेश गर्ने । केन्द्र सरकार, प्रदेश सकार, स्थानीय तह वा अन्य संघसंस्था वा अन्य दातृ निकायबाट प्राप्त हुने एम्बुलेन्स जस्ता जिन्सी सामान साधानहरु कार्यविधि बनाई संचालन गर्ने ।

- सर्पदंश उपचार केन्द्र तथा त्यहा कार्यरत कर्मचारीको क्षमता विकासको लागि दातृ  निकाय सँग समन्वय गर्ने ।

- सर्पदंश उपचार केन्द्रमा काम गर्न कर्मचारीहरुको आवश्यकता अनुसार पद्पुर्ति तथा सेवा सुविधा उपलब्ध गराउन संचालन तथा व्यवस्थापन समितिको कार्य विधि बनाई गढवा गाँउ कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने ।

**४. कोषाध्यक्षको काम, कर्तब्य अधिकार ः**

- सर्प दंश उपचार केन्द्रको कोषको ब्यवस्थापन गर्ने ।
- सर्प दंश उपचार केन्द्रमा आई पर्ने खर्च तथा प्राप्त हुने आम्दानीको हिसाव किताव राख्ने ।
- सम्बन्धीत निकायबाट आम्दानी खर्चको हिसाव किताव माग हुन आएमा उपलबध गराउने ।
- चौमासिक अर्ध वार्षिक तथा वार्षिक आय ब्यय विवरण सार्वजनिक गर्ने तथा बैठकमा पेश गर्ने ।
- लेखा परिक्षण गराउने ब्यवस्था मिलाउने ।
- सुशासन र मितब्ययीता अवलम्बनको लागि कार्य विधि मापदण्ड निर्माण गरी सिफारीस गर्ने ।

**५. सदस्यहरुको काम, कर्तब्य अधिकार**

- सर्पदशं उपचार केन्द्र संचालन तथा ब्यवस्थापन समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिने ।
- सर्पदंश उपचार केन्द्रलाई दिगो र स्वच्छ रुपमा संचालन गर्न आवश्यक सहयोग गर्ने ।
- गढवा गाउँपालिका वा अन्य निकाय वा दातृ संस्थाबाट प्राप्त हुने जिन्सी सामान, एम्बुलेन्स आदि जस्ता कार्यहरु कार्यविधि बनाई संचालन गर्ने ।

**९. संचालन तथा ब्यवस्थापन समितिको कार्य अवधि ः-**

१. सर्पदंश उपचार केन्द्र संचालन तथा ब्यवस्थापन समितिको कार्य अवधि पदेन भूमिका अनुसार रहने ब्यवस्था रहेकोले आˆनो पदमा बहाल रहेसम्म निरन्तर हुनेछ ।

२. प्रत्येक वर्षको आश्विन मसान्त भित्र वार्षिक साधारण सभा गरी वार्षिक आय - ब्यय प्रस्तुत गरी सार्वजनिक लेखा परिक्षण गराउनु पर्नेछ ।

**१०. लेखा समिति** ः- यस दा देउखुरी सर्पदशं उपचार केन्द्रको आर्थिक प्रशासन ब्यवस्थापनका लागि यस गढवा गाँउपालिकामा कार्यरत लेखा शाखा प्रमुखको संयोजकत्वमा एक ३ सदस्यीय लेखा समिति रहनेछ । जसमा अन्य २ जना सञ्चालन तथा ब्यवस्थापन समितिले मनोनयन गर्ने छ ।

**१०.१ लेखा समितिको कार्य अवधि ः-**

लेखा समितिको संयोजकमा गढवा गाँउपालिकामा कार्यरत लेखा शाखा प्रमुख रहनेछ भने सञ्चालन तथा ब्यवस्थापन समितिले मनोनयन गरेका अन्य २ जनाको हकमा कार्य अवधि २ वर्षको रहनेछ ।

**११. उपचार केन्द्रको कार्यसञ्चालन :-**

यस दाङ देउखुरी सर्पदशं उपचार केन्द्र, गढवाको उपचार सम्बन्धि प्राविधिक जिम्मेवारी नेपाली सेनाको घोराही स्थित गणबाट हुनेछ । बिरामीको अवस्था गम्भीर भएमा एम.बि.बि.एस. डाक्टर द्वारा उपचार गरिनेछ । साथै मेडिकल सामाग्री ब्यवस्थापनको जिम्मेवारी सर्पदंश उपचार केन्द्रको संचालन तथा ब्यवस्थापन समितिको हुनेछ ।

**१२. साधारण सभा :-**

प्रत्येक वर्षको अश्विन मसान्त भित्र वार्षिक साधारण सभा गरी आय ब्यय तथा वार्षिक बजेट सहितको कार्य योजना पास गरी सक्नु पर्नेछ ।

**१३. कोषको आर्थिक ब्यवस्था :-**

यस कार्यविधिको अधिनमा रही गढवा गा.पा. दाङ देउखुरी सर्प दंश उपचार केन्द्र गढवा गा.पा. कोष स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछ ।

१. नेपार सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम ।

२. गढवा गाउँपालिका लगायत अन्य स्थानीय तहबाट कोषको लागि प्राप्त हुने रकम ।

३. दातृ निकाय, ब्यक्ती वा दानबाट प्राप्त हुने रकम ।

४. अन्य श्रोतबाट प्राप्त नगद तथा जिन्सी ।

५. सदस्यता शुल्क बापत प्राप्त रकम ।

**१४. कोषको संचालन ः**

- कोषको रकम बैकंमा ब्यवस्थापन समितिका अध्यक्ष र कोषाध्यक्ष दुबैको संयुक्त हस्ताक्षर आवश्यक हुने गरी खाता खोली जम्मा गरिनेछ ।
- कोषमा जम्मा भएको रकम देहायका शिर्षकमा मात्र खर्च गरिनेछ ।
- कोषमा जम्मा भएको रकम समितिको निर्णयानुसार खर्च गर्न सकिने छ ।
- कुनै पनि सामाग्री खरीद गरेमा सो को विल भरपाई बैठकबाट अनुमोदन गर्ने ।

**१५. सेवा शुल्क**

क) यस केन्द्रमा उपचार गराउन आउने प्रत्येक विरामीबाट दर्ता शुल्क वापत रु. ३०० ।- लिइने छ ।

**१६. लेखा परिक्षण ः-**

कोष को लेखा परिक्षण बार्षिक सधारण सभाले तोकेको मान्यता प्राप्त लेखा परिक्षकबाट गरिनेछ ।

१७. **संशोधन र बचाउ** ः- यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखियतापनि समय र अबस्था अनुकुलन यस दा देउखुरी सर्पदशं उपचार केन्द्रलाई गतिशिल, ब्यवस्थीत र समय सापेक्ष बनाउनका लागि यस कार्यविधिको संशोधन गर्ने सर्वाधिकार गढवा गाँउपालिकाको गाँउ कार्यपालिकामा निहित हुनेछ ।

## परिच्छेद - ४

**१८.पुरस्कार र सम्मान ः**

यस गढवा गाउँपालिकाको दाङ देउखुरी सर्पदंश उपचार केन्द्र गढवामा सेवा तथा व्यवस्थापन मा सहयोग पुऱ्याउने व्यक्ति, संस्था समूह आदिलाई पुरस्कार, सम्मान गरिनेछ र पुरस्कृत हुने व्यक्ति तथा संघ संस्था वा व्यक्तिको सिफारीस सञ्चालन तथा व्यवस्थापन समितिको सिफारीसमा साधारण सभाले गर्नेछ ।

**१९. विविध**

क) बाधा अड्काउ फुकाउ कार्यका लागि संरक्षक को सल्लाह सुझाब सहित निर्देशक समितिको निर्णय अनुसार हुनेछ।

ख) सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन समितिले आवश्यक्ता अनुसार विभिन्न उप समिति गठन गर्न सक्नेछ । उप-समितिले तोकिए बमोजिमको काम गर्ने छ ।

ग) यस दाङ देउखुरी सर्पदंश उपचार केन्द्र गढवामा उपाचारका लागि आएका विरामीको अबस्था गम्भिर भई थप उपचार आवश्यक भएमा दा□ जिल्लाको घोराहीस्थित श्री राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रिफर गर्नू पर्नेछ ।

घ) यदि उपचारको क्रममा सर्पदशंबाट पिडित विरामीको अवस्था गम्भिर भएमा यस गढवा गाँउपालिकाको गढवा स्वास्थ्य चौकीमा कार्यरत एम.वि.वि.एस. डाक्टरबाट उपचार गर्नुपर्नेछ र विरामीको मृत्यु भएमा यस गढवा गाँउपालिकाको गढवा स्वास्थ्य चौकीमा कार्यरत एम.वि.वि.एस. डाक्टरबाट मृत घोषित गर्नु पर्नेछ ।

# अनुसूची - १

**संस्थाको छाप :-**

गोलाकार वृत्तभित्र भगवान शिवको गलामा सर्पको माला भएको चित्र हुनेछ । गोलाकारको घेराको वरिपरि दाङ देउखुरी सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लेखेको छाप हुनेछ ।

# अनुसूची - २

## मञ्जुरीनामाको नमूनाः

**मिति ः..............................**

**म/ मेरा ........................................................................................................ वर्ष ...................... को**

**........................................................................................................................ नाता पर्ने ....................................................................................**

**......................................................... लाई यस दाङ देउखुरी सर्प दंश** उपचार केन्द्र गढवा दाङमा औषधी/उपचार गराउन मन्जुर छु । उपचारको क्रममा कुनै कारणवश भवितव्य हुन गएमा यस संस्थामा कार्यरत डाक्टर, नर्स, पारमेडिक्स लगायत अन्य कुनै पनि कर्मचारी एवं यस सर्प दंश उपचार केन्द्रलाई कुनै प्रकारको उजुरी बाजुरी दिने छैन भनि यो मन्जुरीनामा मा सहीछाप गर्दछु ।

नामः

उमेर ः

विरामी संगको नाता ः

ठेगाना ः

मिति ः

हस्ताक्षर ः

| दायाँ | बाँया |
|---|---|
| | |

.......................................................................

मन्जुरीनामा गराउनेको सही

नाम ः

# अनुसूची - ३

## सहयोग-रसिद

मिति : २०......./........./............

यस गढवा गाउँपालिकामा वि.स. २०७७ साल आश्विन देखि संचालनमा आएको दाङ देउखुरी सर्पदंश उपचार केन्द्रको संचालन तथा व्यवस्थापनका लागि ........................................................... निवासी श्री ................................................... ले ...................................................व्यक्तिगत/संस्थागत/को नाममा सहयोग बापत रु. ....................................... (अक्षेरुपी ........................... ......................................................................................... मात्र) स-धन्यवाद प्राप्त भयो ।

| | |
|---|---|
| बुझिलिनेको | सहयोगीको |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| हस्ताक्षर | हस्ताक्षर |

# अनुसूची-४

**सदस्यता परिचय पत्रको नमूना ः**

## सदस्यता प्रमाण पत्र

नाम थर ः मिति ः

ठेगाना ः

जन्म मिति ः

ना.प्र.प.नं. ः जारी मिति ः जिल्ला ः

रक्त समूह ः

लाई यस दाङ देउखुरी सर्पदशं उपचार केन्द्रको ................................ सदस्यता प्रमाण पत्र प्रदान गरिएको छ।

..........................

प्रमाणित गर्ने